# आरएसडिसी लघुवित्त वित्तीय संस्था लिमिटेडको

## दशौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८०/०७/२०**

**आदरणीय शेयरधनी महानुभावहरू,**

मिति २०८० कार्तिक १८ गते बसेको सञ्चालक समितिको १४९औं बैठकको निर्णय अनुसार दशौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएकोले शेयरधनी महानुभावहरूको जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ वमोजिम यो सूचना प्रकाशित गरिएको छ । उक्त सभामा उपस्थितिका लागि सम्पूर्ण शेयरधनी महानुभावहरूलाई हार्दिक अनुरोध गरिन्छ ।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०८० साल मंसिर १५ गते शुक्रबार (तद्नुसार डिसेम्वर १, २०२३) ।
समय : बिहान ९:०० बजे देखि ।
स्थान : वेष्टर्न एसियन होटल प्रा. लि. बुटवल-१०, कालिकानगर, रुपन्देही ।

**छलफलका विषयहरु :**

**क) सामान्य प्रस्ताव**

१. दशौं वार्षिक साधारण सभाका लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७९/८० को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०८० को वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण र ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्वद्ध अनुसूचीहरू) उपर छलफल गरी पारित गर्ने ।
३. आर्थिक बर्ष २०८०/८१ का लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पारित गर्ने ।
४. सञ्चालक समितिबाट प्रस्ताव गरिएको नगद लाभांश, चुक्ता पूँजीको ०.४५२६ (शुन्य दशमलव चार पाँच दुई छ) प्रतिशतले हुने रकम रू. ३९ लाख ३५ हजार ९ सय ४० रुपैयाँ २७ पैसा मात्र (बोनस शेयरको कर प्रयोजनार्थ) वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

**ख) विशेष प्रस्ताव**

१. सञ्चालक समितिबाट प्रस्ताव गरिएको चुक्ता पूँजीको ८.६ (आठ दशमलव छ) प्रतिशतले हुने रकम रू. ७ करोड ४७ लाख ८२ हजार ८ सय ६५ रुपैयाँ २२ पैसा बराबरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।
२. संस्थाको जारी तथा चुक्ता पूँजी रू. ८६ करोड ९५ लाख ६८ हजार २ सय बाट वृद्धि गरी जारी तथा चुक्ता पूँजी रू. ९४ करोड ४३ लाख ५१ हजार ६५ रुपैयाँ २२ पैसा पुऱ्याउने ।
३. प्रस्तावित बोनस शेयर वितरण पश्चात कायम हुने शेयर पूँजीको आधारमा, वित्तीय संस्थाको शेयर संरचना परिमार्जन गरी संस्थापक शेयरधनी (समुह "क") को स्वामित्व ५१ प्रतिशत तथा सर्वसाधारण शेयरधनी (समुह "ख") को स्वामित्व ४९ प्रतिशत कायम गर्ने ।
४. प्रबन्धपत्रको दफा ६ को पूँजी सम्बन्धी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गर्ने ।
५. शेयर संरचनामा परिवर्तन पश्चात नियमावलीको दफा २७ र ३१ मा रहेको सञ्चालक समिति सम्बन्धी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गर्ने ।
६. नियमावलीको दफा ३२ मा रहेको सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्थामा समसामयिक परिमार्जन गर्ने ।
७. प्रस्तावित संशोधन/परिमार्जनमा नियामक निकायहरूबाट प्राप्त हुन आउने निर्देशन बमोजिम थपघट लगायत प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।
८. यस वित्तीय संस्था तथा अन्य कुनै वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न सञ्चालक समितिबाट गठित मर्जर समिति तथा सो ले गरेको कार्य अनुमोदन गर्न, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ती गर्न, निजको पारिश्रमिक तोक्ने लगायतका प्रकृया अबलम्बन गरी अन्य वित्तीय संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध**

१. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १४(३) अनुसार स्वतन्त्र सञ्चालक नियुक्तिको जानकारी सम्बन्धमा ।

**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०८०/०८/०७ गते शेयर दाखिला खारेज बन्द रहनेछ । २०८०/०८/०६ गतेसम्मा शेयर खरीद/बिक्री गरी प्रचलित कानून बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार ग्लोबल आईएमई क्यापिटल लिमिटेडमा प्राप्त विवरणहरूको आधारमा कायम शेयरधनीहरूले मात्र वार्षिक साधारण सभामा भाग लिन पाउने छन् ।
२. साधारण सभामा भाग लिनका लागि सूचना साथ प्रेषितः प्रवेशपत्र वा शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको प्रमाणपत्र तथा आफ्नो परिचय खुल्ने प्रमाणपत्र अनिवार्य रुपमा साथमा लिई आउनु हुन सबै शेयरधनी महानुभावहरूलाई सूचित गरिन्छ । अन्यथा सभा कक्षमा प्रवेश गर्न दिइने छैन ।
३. कुनै कारणवश शेयरधनी महानुभावहरूले प्रवेशपत्र प्राप्त गर्न नसकेमा यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालय, बुटवलमा साधारण सभा हुने मिति अगावै सम्पर्क राख्नु भई प्रवेशपत्र प्राप्त गर्न सक्नु हुनेछ ।
४. शेयरधनी दर्ता पुस्तिका अनुसार कायम शेयरधनी महानुभावहरूको ठेगानामा वार्षिक साधारण सभाको सूचना सहितको वार्षिक प्रतिवेदन पठाइनेछ । कारणवश उक्त सूचना वा प्रतिवेदन प्राप्त नभएमा वित्तीय संस्थाले आफ्नो वेबसाइट (www.rsdcmf.com) वा अन्य सञ्चार माध्यममा प्रकाशित गरेको सूचनालाई आधार मानी साधारण सभामा भाग लिन वा प्रतिनिधि नियुक्ति (प्रोक्सी) गर्न सक्नु हुनेछ ।
५. साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरूले यस वित्तीय संस्थाको सोही समूहका शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ । यसरी प्रतिनिधि नियुक्त गरेको जानकारी यस वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा ४८ घण्टा अगावै दर्ता गरिसक्नु पर्नेछ ।
६. एक जना शेयरधनीबाट एकभन्दा बढी प्रतिनिधि नियुक्त गर्न सकिने छैन । तर एक जना भन्दा बढी प्रतिनिधि नियुक्त भएको देखिएमा सबैभन्दा पहिले दर्ता भएको प्रतिनिधि नियुक्ति पत्र (प्रोक्सी) लाई मान्यता दिइनेछ ।
७. शेयरधनीले प्रतिनिधि नियुक्त गरिसकेपछि प्रतिनिधि नियुक्ति पत्र (प्रोक्सी) बदर नगरी आफैं साधारण सभामा उपस्थित भई हाजिर पुस्तिकामा दस्तखत गर्नु भएमा प्रतिनिधि नियुक्ति पत्र (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ ।
८. वित्तीय संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा उल्लेख भएको व्यक्ति मात्र नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट संरक्षकको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ ।
९. संयुक्त रुपमा शेयर लिने शेयरधनीहरूको हकमा शेयरधनीहरूको लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिले प्रतिनिधि नियुक्त गरिएको एक जना व्यक्तिले मात्र सभामा भाग लिन पाउने छन् ।
१०. संगठित संस्था शेयरधनी भएमा उक्त संस्थाद्वारा मनोनित व्यक्तिले ल्याउने गरी प्रतिनिधि पत्र (प्रोक्सी) फारममा संस्थाको छाप तथा आधिकारिक व्यक्तिको दस्तखत हुनु पर्नेछ ।
११. शेयरधनी महानुभावहरूको सुविधाका लागि हाजिरी पुस्तिका सभा स्थलमा साधारण सभा हुने दिन बिहानको ८.०० बजेदेखि साधारण सभा समापन नहुन्जेलसम्म खुला रहनेछ ।
१२. छलफलको विषय अन्तर्गत विविध शिर्षकमा छलफल गर्ने विषय बारे सभा हुनु भन्दा ७ दिन अगावै कार्यालय समय भित्र अध्यक्षज्यूलाई सम्बोधन गरी वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा लिखित जानकारी दिनु पर्नेछ । उक्त विषयको औचित्यता हेरी छलफलमा समावेश गरिए तापनि पारित हुने प्रस्तावको रुपमा भने समावेश गरिने छैन ।
१३. अन्य आवश्यक जानकारीका लागि यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रीय) कार्यालयमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

**आरएसडिसी लघुवित्त वित्तीय संस्था लि.**
**RSDC LAGHUBITTA BITTIYA SANSTHA LTD.**
(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गको थोक लघुकर्जा प्रदायक राष्ट्रिय स्तरको वित्तीय संस्था)
बुटवल-१०, रुपन्देही, नेपाल, फोन नं.:-०७१-४३८५१३, ४१९०१३, ४१९०१४, वेवसाईटः www.rsdcmf.com.np, ईमेलःinfo@rsdcmf.com

२०८० कार्त्तिक २० को अन्नपूर्ण पोष्ट दैनिकमा प्रकाशित